**कालिका नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**रेडक्रसग्राम चितवन**

**३ न प्रदेश नेपाल**

## सेवा करार सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०७६/४/२९)

कालिका नगरपालिकाका चितवनका लागि तपिसल बमोजिमको पदमा प्राविधिक कर्मचारी आवश्यक भएकोले सेवा करारमा लिनका लागि दरखास्त आव्हान गरिएको छ। योग्यता पुगेका कम्तीमा १८ बर्ष उमेर पुगी ४० बर्ष ननाघेका नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा तोकिएको ढाँचामा पासपोर्ट साइजको दुईप्रति फोटो, नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र अनुभवको प्रमाणपत्रको प्रतिलिपीहरु सहित आवेदन दिनुहुन अनुरोध छ।

| विज्ञापन नं. | पद/ तह | माग संख्या |
|---|---|---|
| १/०७६-७७ | विद्यालय नर्स/ पाँचौ | १ |
| २/०७६-७७ | ल्याब असिस्टेन्ट/ चौथो | २ |
| ३/०७६-७७ | मनोसामाजिक परामर्शकर्ता/ सामाजिक परिचालक सरह | १ |

**दरखास्त दिने अन्तिम मितिः** सूचना प्रकासित भएको मितिले १५ दिन (दोब्बर दस्तुर तिरेर फारम भर्ने थप अवधिको सुविधा नभएको)

**शैक्षिक योग्यताः** (१) विद्यालय नर्स पदको लागि कम्तिमा स्टाफ नर्स वा सोसरह उत्तीर्ण गरेको ।

(२) ल्याब असिस्टेन्ट पदको लागि प्रवेशिका वा सो सरह उत्तिर्ण गरी मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा १५ महिनाको ल्याव असिस्टेन्ट तालिम सफलता पूर्वक प्राप्त गरेको ।

(३) मनोसामाजिक परामर्शकर्ताको लागि प्रवेशिका वा सो सरह उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट कम्तिमा तिन महिनाको आधारभूत मनोसामाजिक परामर्शकर्ताको तालिम प्राप्त गरेको ।

**काउन्सिल दर्ताः** उपरोक्त पदहरुमा सम्बन्धित काउन्सिल दर्ता हुनुपर्ने वा इजाजत प्राप्त हुनुपर्ने पदको लागि सोको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।

**छनौट विधिः (१) संक्षिप्त सूची प्रकाशनः** कालिका नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम शैक्षिक योग्यता वापत ५५ अङ्क, ( विशिष्ट श्रेणी -५५, प्रथम श्रेणी- ५०, द्वितीय श्रेणी-४५, तृतीय श्रेणी वापत- ४०), कार्य अनुभव वापत १० अङ्क (प्रति बर्ष २ अंकका दरले), स्थानीय बासिन्दा भएमा १० अङ्क (सम्बन्धित नपा भित्रको -१०, नपा बाहिर चितवन जिल्लाको -५), समावेशी समूह ५ अङ्क दिई कूल अङ्कका आधारमा संक्षिप्त सूची प्रकाशन गरिनेछ ।

**(२) लिखित परीक्षाः** विद्यालय नर्स र ल्याब असिस्टेन्टका लागि लोक सेवा आयोगबाट सम्बन्धित पदको लागि तोकेको पाठ्यक्रमका आधारमा लिखित परीक्षा सञ्चालन गरिनेछ र मनोसामाजिक परामर्शकर्ताको हकमा नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रमका आधारमा लिखित परीक्षा सञ्चालन गरिनेछ।

(३) अन्तरवार्ताः लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुलेमात्र अन्तवार्तामा सहभागी हुन पाउनेछन् । अन्तवार्तामा अधिकतम २० अंक ।

**सेवा करार अवधिः** आर्थिक बर्ष २०७६/७७ को असार मसान्तसम्मको लागि । (कार्यालयको निर्णयानुसार करार अवधि थप गर्न वा घटाउन सकिने)

**सेवा सुविधाः** नगरपालिकाको निर्णयानुसार ।

निवेदन दस्तुर: सहायक पाँचौंको लागी रु ५००/- र चौथोलागी रु ३००/- लाग्नेछ।

(वज्र पुरी)
प्रमुख प्रशासकीय अधिकृत